# रोल्पा नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी सूचना

- घर पसलबाट निस्कने फोहर नगरपालिकाले तोकेको समय र स्थानमा बाहेक सार्वजनिक सडक, गल्ली, चोकमा नफालौं ।
- कुहिने र नकुहिने फोहर एकै ठाउँमा नमिसाई फरक फरक भाँडोमा संकलन गर्ने बानी बसालौं ।
- घर पसलबाट निस्कने फोहरलाई सकेसम्म घटाउ, पुन: प्रयोग हुने वस्तुको प्रयोगमा विशेष जोड दिऔं ।
- प्लास्टिकजन्य सामाग्रीको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- फोहर व्यवस्थापन गर्न तोकिएको शुल्क समयमा नै तिरी सभ्य नागरिकको परिचय दिऔं ।
- अन्यथा फोहर व्यवस्थापन ऐन, २०६८ अनुसार कार्वाही गरिने छ ।

तपाई लाई काम नलाग्ने चीजबस्तु अरूको लागि काम लाग्न सक्छ, जस्तै: कुहिने फोहरबाट कम्पोष्ट मल र नकुहिने फोहरबाट पुन: प्रयोग वा नयाँ वस्तु बनाउन सकिन्छ ।

**अनुरोधक**

रोल्पा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लिबाङ, रोल्पा

## सार्वजनिक सवारीका साधनबाट निस्कने फोहरमैला व्यवस्थापन सम्बन्धी

## रोल्पा नगरपालिकाको सूचना

---

- सार्वजनिक यातायात मार्फत यात्रा गर्ने यात्रु महानुभावहरु तथा यातायात व्यवसायीहरुले पानीका वोतल, खानेकुराका अवशेष, प्लाष्टिकका झोला, तथा अन्य फोहरहरु जथाभावी नफालौं ।
- यातायात व्यवसायीहरुले गाडिबाट निस्काशित फोहरहरु आफै व्यवस्थापन गरौं ।

अन्यथा फोहरमैला व्यवस्थापन ऐन,२०६८ र नगर कार्यपालिकाको निर्णय बमोजिम कार्वाही गरिने छ ।

**अनुरोधक**

**रोल्पा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**लिबाङ, रोल्पा**